जसले राम्रोसँग वुजू गर्छ, त्यसपछि जुमाको नमाजमा आउँछ र चुपचाप खुत्बा (उपदेश) सुन्छ र मौन रहन्छ, उसका एक शुक्रबारदेखि अर्को शुक्रबारसम्म र थप तीन दिनका पापहरू क्षमा हुन्छन्

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले राम्रोसँग वुजू गर्छ, त्यसपछि जुमाको नमाजमा आउँछ र चुपचाप
खुत्बा (उपदेश) सुन्छ र मौन रहन्छ, उसका एक शुक्रबारदेखि अर्को शुक्रबारसम्म र थप
तीन दिनका पापहरू क्षमा हुन्छन् र जसले गिट्टीहरूलाई खेलायो, उसले व्यर्थ काम गर्यो
।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले वुजूका स्तम्भहरू, सुन्नतहरू र शिष्टाचारहरूको पालन गरेर राम्रोसँग वुजू गर्छ, त्यसपछि जुमाको नमाजमा आउँछ र चुपचाप ध्यानपुर्वक इमामको खुत्बा (उपदेश) सुन्छ र बेकारका कुराकानीबाट टाढा रहन्छ, अल्लाहले उसका १० दिन; शुक्रबारदेखि शुक्रबारसम्म र थप तीन दिनका ससाना पापहरूलाई क्षमा गर्नुहुन्छ; किनकि १ नेकी दस गुणा बढाएर दिइन्छ । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले खुत्बामा भनिएका उपदेशहरूमा ध्यान केन्द्रित गर्न र गिट्टी आदि छोएर वा अन्य प्रकारको व्यर्थ काम नगर्न चेतावनी दिनुभयो, किनभने त्यसो गर्नु पाप हो र पाप गर्नेले शुक्रबारको पुण्य पाउने छैन ।

https://sunnah.global/hadeeth/ne/show/5433